# डोटी जिल्लाका पाँच ताम्रपत्र

राजाराम सुवेदी

नेपालको एकीकरणपूर्व डोटी राज्य ७०० वर्षसम्म स्वतन्त्र थियो र त्यसभन्दा पहिले सिंजा-जुम्लाका मल्ल राजाहरूको अधीनमा थियो। मल्ल राजाहरूलाई खस मल्ल पनि भनिएको छ।[१] खसमल्लहरूले अधीकरण गरेको क्षेत्रलाई 'खसमिहीर' भनिने हुनाले सोको केन्द्र खासमीर वा काश्मीर भएको हो पनि भनिन्छ।[२] प्रख्यात खस राजा अशोचल्लद्वारा शाशित प्रदेशलाई खस देश नै भनिन्थ्यो।[३] पछि खस राजाहरूको केन्द्रको रूपमा जुम्ला सिजा हुनगयो। जुम्लाका ती राजाहरूले काठमाण्डौ उपत्यकामाथि पटक-पटक आक्रमण गरे तापनि उनीहरू जुम्ला नै फर्के। त्यसैगरी काठमाण्डौ उपत्यका माथि तिरहूत र सिमरौनगढतिरबाट पनि आक्रमण हुन्थ्यो। अप्रत्याशित तिरहुते आक्रमणले पीडित उपत्यकावासीहरूले खसमल्ल क्षेत्रबाट सैन्य सहयोगको माग गर्दथे। एकातिर उपत्यकाका अपदस्थ शासकहरूले र अर्कोतिर तिरहुते आक्रमण हुने डरले कर्णाली प्रदेशका शासकहरूलाई आव्हान गर्ने गर्दथे। 'सवालाख पर्वतका अधिपति' खसमल्ल राजा ज्यादै शक्तिशाली हुनुका साथै 'सर्वगामिनीवाहिनी' भन्ने सशक्त सैन्य संगठनका मालिक पनि थिए।[४]।

जुम्ला-सिंजाको मल्ल राज्य कालान्तरमा विखण्डित भई बेग्लै परिवारको शासन शुरू भयो। दक्षिण पश्चिम तिब्बत, डोटी जस्ता प्रदेशहरू स्वतन्त्र बन्न गए। जुम्लामा मलैवर्माको शासन चल्न थाल्यो भने डोटीमा कत्युरीवंशका राजाहरूको। डोटीमा मलैवर्माका सन्तानहरू राजा भएका थिएनन्।[५] डोटी एक शक्तिशाली राज्यका रूपमा देखा परेको थियो।[६] कर्णाली प्रदेशका मल्ल राजाहरूको केन्द्र शक्ति विरूद्ध धावा बोली शाके १२७४ ( वि.सं. १४०९) देखि डोटी एक पृथक राज्यको रूपमा अस्तित्वमा आयो। त्यस अभियानको नेतृत्व खसमल्ल राजाहरूद्वारा पालित पालवंशीय निरयपालले गरेका थिए। निरयपाल नै त्यसपछि डोटीका शासक भए। डोटी केही समयपछि पुनः सिंजाको कब्जामा गयो।[७] वि.सं. १४०९ मा स्वतन्त्र बनेको डोटी राज्य खस राज्यका राजा सूर्यमल्लका समयमा वि.सं. १४२४ देखि वि.सं. १४४१ सम्म पुनः खस राज्यकै अधीनमा रहन पुग्यो।[८] यसरी डोटीलाई अधीनमा पार्दा राजा सूर्यमल्लले बृहत् योजना बनाउनु परेको थियो। त्यस कार्यमा राजकुमार अभयमल्ललाई उदुम्बरपुरीको तैनाथी दिनु परेको थियो। उक्त उदुम्बरपुरी हाल बझाङ् जिल्ला अन्तर्गत डुम्राकोट भन्ने ठाउँमा पर्दछ।[९] राजकुमार अभयमल्लले डोटीलाई शाके १३०६ (वि.सं. १४४१) सम्म दबाएरै राखेका थिए। शाके १३०६ मा डोटीमा नागमल्ल राजा भए। त्यस उप्रान्त डोटी नेपालको एकीकरण नहुँदासम्म स्वतन्त्र रह्यो।

*Contributions to Nepalese Studies*, Vol. 20, No. 1 (January 1993).
Copyright © 1993 CNAS/TU

जुम्लाका खसमल्ल शासकहरूबाट डोटीले मात्र होइन अरू राज्यले पनि पृथक हुने चेष्ठा गरेका थिए। यस्तो पृथकताको क्रम बि.सं. १२०८ देखि शुरू भयो। किनकि पश्चिम तिब्बतमा ल्हा चेन ग्याल्पोको छोरा ल्हाचेन उत्पल ले आफ्नै साम्राज्य निर्माण शुरू गरेका थिए। उनले माथिल्लो र तल्लो लद्दाखलाई एकीकरणगरी अन्य धेरै राज्यहरूलाई अधीनस्थ पारेका थिए। उनले पूराङदेखि पूर्वको लोहो प्रान्तलाई पनि अधीनमा पारे। कुलुका राजालाई "जबसम्म कैलाश पग्लन्न, मानसरोवर सुक्तैन तबसम्म कुलुका राजाले लद्दाखलाई सामन्तीकर तिर्दै गर्नेछु" भन्ने कबुलियत पनि उनले गराए।[९]

कर्णाली प्रदेशका मल्ल राजाहरू र लद्दाखी राजाहरू बीच कस्तो सम्बन्ध थियो भन्ने कुरो स्पष्ट छैन। नयाँ राज्यहरूको सृजना हुने क्रममा वि.सं. १४०९ मा खसहरूको अधीनबाट दक्षिण पश्चिम तिब्बत स्वतन्त्र भयो। उक्त कार्यको नेतृत्व चाङ चव ग्याल्स्यानले लिएका थिए। त्यहाँको शासक पछि उनै भए।[१०] त्यसै क्रममा वि.सं. १४०९ मा डोटी पनि स्वतन्त्र भयो। डोटीका राजा निरयपाल पछि नागमल्लका शाके १३०६, १३०९ र १३१५ का ताम्रपत्रहरू प्रकाशमा आएका छन्।[११] उनकै वंशज रिपुमल्लले पूर्वमा नुवाकोटसम्मको भ्रमण गरी देवमन्दिरमा पानश चढाई अभिलेख राखेका थिए।[१२] रिपुमल्लको एक ताम्रपत्र बझाङमा पनि प्राप्त भएको छ।[१३] त्यसैगरी राजा रिपुमल्लका उत्तराधिकारी एवं पुत्र राजा कल्याण मल्लको शाके १३६८ (१५०३ वि.सं.) को ताम्रपत्र बझाङमा प्राप्त भएको छ।[१४] उनको त्यो ताम्रपत्र बझाङमा प्राप्त डोटीका राजाहरूको अन्तिम ताम्रपत्र हो। त्यसै वर्ष बझाङ डोटीदेखि स्वतन्त्र हुन गयो।[१५] यस प्रकार डोटी वि.सं. १४४१ देखि नै स्वतन्त्र राज्य रहेको कुरा प्रमाणित भएको छ।

यस लेखमा डोटीमा प्राप्त पाँचवटा ताम्रपत्रको पाठ र छोटो व्याख्या प्रस्तुत गरिएको छ। यस व्याख्याले डोटीको मुख्य इतिहास माथि विशेष प्रकाश पार्नेछ, यी मध्ये पहिलो ताम्रपत्र १३७४ शाके (राजा कल्याणमल्लको), दोस्रो शाके १४०४ को (राजा कीर्तिमल्ल), तेस्रो शाके १४४१ को (राजा प्रतापमल्ल), चौथो शाके १४७७ को (राजा राजमल्ल) र पाँचौं १५०२ को (राजा महिपत शाही हरिशाहीको) ताम्रपत्र यहाँ उल्लेख गरिएका छन्।

डोटी जिल्लाको सदरमुकाम सिलगढीदेखि नैऋत्य तर्फ सुदूरपश्चिमाञ्चल क्षेत्रीय सदरमुकाम दीपायल पर्दछ। दीपायलबाट सेती नदीको पूल तरेपछि राजपुर आउँछ। राजपुरबाट कस्सिएर दिन भरि हिंडेपछि डोटी राजाका कुलायन तेडी देवताको स्थलमा पुगिन्छ। त्यहाँ पहिले ठुलो गढ निर्माण गरिएको र त्यहाँ पर्याप्त सिंचाई हुने ठाउँ र खेतीयोग्य जमीन हुनाले सो ठाउँलाई गढसेरा भनियो। राजा निरयपालको स्मरण गराउने निरूलि भन्ने ठाउँ पनि गढसेरादेखि नैऋत्य तर्फ पर्दछ। निरूलिमा भण्डारीहरूको प्रशस्त बिर्ता छ। जोर ' रायल वा एकै ठाउँमा दुइवटा राजाको निवास भएका कराणबाट त्यस्तो ठाउँमा जोर्रायल वा जोराइल भनियो। सो जोराइल गढसेरा र निरूलीबाट नैऋत्य तर्फ नै पर्दछ।

यहाँ उल्लेख गरिएको पहिलो ताम्रपत्र राजा कल्याण मल्लको हो। राजा कल्याणमल्लका समयदेखि डोटीका मल्ल राजाहरूलाई रैका भन्न थालिएको हो। रैकाको अर्थ जेठो वा ठूलो

भन्ने हुन्छ। जुम्लाका शाहीलाई कल्याल, परबत र रूकुमका शाहीलाई समाल भने झैं डोटीका मल्लहरूलाई रैका भनिएको हो। प्रस्तुत ताम्रपत्रको चौधौं वा अन्तिम पंक्तिमा ठाउँ नपुग भएकोले ताम्रपत्रको वायाँ किनारमा एक पंक्ति उत्कीर्ण गरिएको छ। अभिलेखमा उत्कीर्ण अक्षर स्पष्ट जस्ता देखिएतापनि अर्थ्याउन कठिन परेको छ। उदाहरणको निम्ति ताम्रपत्रको चौधौं पंक्तिको अर्थ स्पष्ट खुलाउन खोज्दा भाव र सन्दर्भसंग मेल खाँदैन। अभिलेखका दुई पंक्तिका अन्त्यमा "केदारको केदार्‍ये केदारूञ प्रतिमाष जय केदार" वाक्यको अर्थ स्पष्ट भएको छैन। अपितु लाक्षणिक अर्थ खोज्दा रैका राजा कल्याण मल्लले डोटी राज्यको सिमाना पश्चिमोत्तर कोणमा बद्रीनाथ केदारनाथसम्म रहेको भन्ने संकेत मिल्दछ। यसै सन्दर्भमा देवकान्त पन्तले पनि राजा कल्याणमल्लले केदारनाथ (उत्तरगढवाल) सम्म राज्य विस्तार गरेको संकेत दिएका छन्।[१६] राजा कल्याणमल्लले गांगुभाटलाई गढ सेराकोजमीन चारकिल्ला तोकी विर्ता सर्वकर माफ गरी १४ पंक्तिमा लेखिएको ५.१" लम्बाई ८½" चौडाईको ताम्रपत्र प्रदान गरेका थिए। त्यो ताम्रपत्र हाल डोटी गढसेराका पण्डित गंगाराम जोशीसंग छ, जो पुस्तौंदेखि तेडी देवताका पुजारी रही आएका पनि छन्। सो पत्रमा सूर्य, चन्द्र, भूमण्डलका साक्षी राखिएका छन्।

प्रस्तुत शाके १३७४ को राजा कल्याणमल्लको ताम्रपत्रले एउटा नौलो जानकारी पनि दिन्छ, त्यो हो बर्मा परिवारका सदस्यहरू पनि दृष्टि साक्षीका रूपमा रहनु। यसबाट बर्माहरू डोटी राजाका भारदार भई बसेको कुरा थाहा हुन्छ। राजा निरयपालका पनाति, राजा नागमल्लका नाति र राजा रिपुमल्लका छोरा राजा कल्याण मल्ल शाके १३६८ (वि.सं. १५०३) को सेरोफेरोमा डोटीका राजा भएका थिए। शाके १३७२ (वि.सं. १५०७) को एक ताम्रपत्र पनि उनैको नामबाट प्रदान गरिएको छ।[१७] प्रस्तुत ताम्रपत्र शाके १३७४ (वि.सं. १५०९) ले राजा कल्याणमल्लका विषयमा अतिरिक्त जानकारी दिन सफल भएको छ। उनको राज्यकाल शाके १३६८ देखि शाके १४०२ सम्म रहेको थियो। उनका पौत्र एवं उत्तराधिकारी राजा कीर्तिमल्ल थिए। राजा कीर्तिमल्लको शाके १४०३ को अभिलेख पनि प्रकाशमा आएको छ। हालसम त्यो नै कीर्तिमल्लको पहिलो अभिलेख हो।[१८] तर देवकान्त पन्तले कीर्तिमल्लभन्दा पूर्ववर्ति शासकको नाउँ संसारमल्लदेव भनी उल्लेख गरेका छन्।[१९] तर संसारमल्लका कुनै अभिलेखहरू प्रकाशमा आएका छैनन्। राजा कल्याणमल्लद्वारा प्रदान गरिएको ताम्रपत्रमा दृष्टि साक्षी संसारब्रम्हको नाउँ छ। तर उनी कल्याणमल्लका पुत्र/उत्तराधिकारी थिए भन्ने कुनै संकेत छैन। राजा कल्याणमल्ल पछि संसारमल्लको नाउँ सूर्यमणि अधिकारीले पनि प्रकाशमा ल्याउनु भएको छ।[२०] तसर्थ राजा कीर्तिमल्ल राजा कल्याणमल्लका नाति एवं संसारमल्लका छोरा हुन आएका छन्। तर राजा हुनु अगावै संसारमल्लको मृत्यु भएको बुझिन्छ। प्रस्तुत ताम्रपत्र नं. १ मा पनि 'संसारब्रम्ह दैवा पिथैवम्म बकोटि' को नाम उत्कीर्ण छ। संसारब्रम्ह र संसार मल्ल एउटै व्यक्ति हुन वा फरक हुन् त्यस कुराको टुङ्गो लगाउन सकिएको छैन।

राजा कल्याणमल्लका छोरा संसारमल्ल र उनका पुत्र कीर्तिमल्ल भनि माथि नै उल्लेख गरिसकिएको छ। राजा कीर्तिमल्लले आफ्ना बाजे बराज्यूहरूले जस्तै ब्राम्हणहरूलाई

उनीहरूको निष्ठा र विद्याभ्यास परिक्षण गरी बिर्ता दिने र त्यसको प्रमाण स्वरूप ताम्रपत्र दिने गरेका थिए। त्यसै अनुरूप उनले मुजु भाटलाई ताम्रपत्र दिई सर्वाङ्ग माफी दिएका थिए। प्रस्तुत ताम्रपत्र नं. २ को लिपि अलि अस्पष्ट छ। राजा कीर्तिमल्लको शाके १४०२ को एक ताम्रपत्र प्रकाशित भएको छ।[२१] त्यसैगरी शाके १४०३ को राजा कीर्तिमल्लकै अर्को एक अभिलेख प्राप्त भएको छ।[२२] यहाँ उनै कीर्तिमल्लको शाके १४०४ को ताम्रपत्रको उल्लेख गरिएको छ। रैका राजा कीर्तिमल्लको यो ताम्रपत्र डोटीको गढसेराका गंगाराम जोशीको घरमा छ। त्यसको लम्बाई ५" र चौडाई ७$\frac{1}{2}$" छ। यस ताम्रपत्रको लेख बाह्र पंक्तिमा छ। त्यो ताम्रपत्र हेर्दै जाँदा राजा कीर्तिमल्लका भारदारहरूमा देउवा, बोगटी, उप्रेती, पनेरू, बिष्ठ, सेठी, साउद, भण्डारी, बोहरा, मघ्याली, खड्गा, चोखाल, ठकुर, मगरा (महरा), जोशी र भट्टहरू रहेका भेटिन्छन्। सो ताम्रपत्रमा 'राजकुमार श्री पृथ्वीमल्ल प्रतापमल्ल' को नाम उल्लेख गरिएको छ। डोटी वंशावलीमा कीर्तिमल्लका उत्तराधिकारीमा कहीं पृथ्वीमल्ल छ भने कहीं प्रतापमल्लको उल्लेख छ।[२३] एक ठाउँमा पृथ्वीमल्ल र प्रतापमल्ल एउटै व्यक्ति भनिएको छ।[२४] एक अनुसन्धाताले उनै कीर्तिमल्लको शाके १४१० को एक अभिलेख प्रकाशित गरेका छन्।[२५] त्यहाँ पनि पृथ्वीमल्ल र प्रतापमल्ल यी दुवै नामको उल्लेख छ। त्यसो हुँदा ती दुवै नाउँ एउटै व्यक्तिका रहेछन् भन्ने थाहा हुन्छ।[२६] अर्को एक वंशावलीमा राजा संसारमल्ललाई शनिसरिमल्ल भनिएको, उनका उत्तराधिकारीलाई प्रतापीमल्ल भनेर उल्लेख गरिएको छ।[२७] कहिं त संसारमल्लाई सासमल्ल र उनका छोरालाई प्रतापमल्ल पनि भनिएको पाइन्छ।[२८]

प्रस्तुत ताम्रपत्रमा उल्लेख गरिएका भुजु भाट राजा कीर्तिमल्लका एक विश्वस्त व्यक्ति रहेकाले बिर्ता पाएका हुन्। भाट भन्नाले डोटीका राजाले प्रदान गरेका ताम्रपत्रहरूमा उल्लेख परेका भट्ट थर भएका ब्राम्हणहरूलाई जनाउने प्रचलित शब्द हो।[२९] डोटीका मल्ल एवं शाही राजाहरूमा भट्टहरूको राम्रो प्रभाव थियो। राजा कीर्तिमल्लपछि डोटीको राज्य एवं प्रशासन प्रमुखको रूपमा राजा प्रतापमल्लको नाउँ आउँछ। उनी राजकुमार छँदै शाके १४०४ को ताम्रपत्रमा राजकुमारको रूपमा उनको उल्लेख भएको व्यहोरा माथि वर्णन गरियो। शाके १४१० को एक ताम्रपत्रले प्रतापमल्ल राजा रहेको जनाउँछ। उनै प्रतापमल्लको शाके १४४१ को एक ताम्रपत्र (नं. ३) बारे यहाँ केही कुरा लेख्न लागिएको हो। त्यस ताम्रपत्रले प्रतापल्लको जीवनी बारे थप कुरा प्रकाशमा ल्याईदिएको छ। डोटी जिल्ला गढसेरा गा.पं. वार्ड नं. ६ निवासी दुर्गाप्रसाद भण्डारीसँग रहेको सो ताम्रपत्र ७$\frac{1}{2}$" लम्बाई र ८$\frac{1}{2}$" चौडाई आकारको छ। ताम्रपत्रमा तेह्र पंक्ति लेखिएका छन्। डोटीको वंशावलीमा राजा पृथ्वीमल्ल (प्रतापमल्ल) ले अश्वपति (तिब्बत ?), गजपति (भारत ?), नरपति (अरू राज्य), भूपति (राजाहरू), चक्रपति (सम्राट), जस्ता राजाहरूमाथि अधिकार गरी डोटीलाई बिस्तार गरेको वर्णन पाइन्छ।[३०] त्यसै शाके १४४१ को ताम्रपत्रमा राजकुमार अर्जुनमल्लको नाम पनि उल्लिखित छ। एक वंशावलीले उनलाई अर्जुन शाही पनि भनेको छ।[३१] अर्को एक कृतिमा डोटीका राजा नागमल्ल पछि अर्जुन शाहीको नाउँ पाइन्छ, जहाँ

बीचका राजाको नाउँ छुटेको छ।[३२] त्यहाँ डोटी र कुमाउँको बाह्रवर्षे युद्धमा राजा नागमल्लले शाही वंशका शासकहरूलाई अपदस्थ गरी शासन गरेकाले अपदस्थ भएका शाहीहरूले कुमाउँसंग सहयोग लिई डोटीबाट नागमल्लको शक्ति नष्ट पारी शाहीहरूनै पुनः राजा भएको कुराको पनि उल्लेख छ। त्यस बेला ती अपदस्थ शाहीहरू कुमाउँको राजधानी चम्पावतमा शरण लिई बसेका थिए। डोटीका राजा नागमल्लले कुमाउँसंग युद्धगर्दा युद्धस्थलमा नै उनी मारिएका हुँदा शाहीहरू पुनः डोटीका राजा भएको कुरा उल्लेख छ।[३३] तर डोटीको इतिहास पल्टाउँदा मल्लहरू भन्दा पहिले शाहहरू राजा नभै पालहरू नै राजा भएको कुरा पाईन्छ। डोटीको वंशावली अनुसार राजा नागमल्ल पछि क्रमशः रिपुमल्ल, कल्याणमल्ल, कीर्तिमल्ल, प्रतापमल्ल र अर्जुनमल्ल राजा भएको पाइन्छ। राजाहरूको यस क्रमबाट अनभिज्ञ एक अर्का लेखक पनि चिप्लिएका छन्।[३४] तसर्थ यहाँ "रैका मल्ल' तथा 'रैका शाही' बारे केही विवेचना गर्नु उपयुक्त हुनेछ।

डोटीका मल्ल र शाही राजाहरूले आफूलाई अरू भन्दा विशिष्ठ ठानेर 'रैका' भन्ने विशेषण प्रयोग गरेका छन्। प्रस्तुत प्रसंगमा शाके १४७७ को राजमल्लको ताम्रपत्र (नं. ४) बारे केही लेख्न उपयुक्त हुनेछ। टेढो प्रकारले अक्षर र पंक्तिहरू उत्कीर्ण गरिएको यो ताम्रपत्र ७.९" लम्बाइ ९" चौडाई आकारको छ। डोटी गढसेराका गंगाराम जोशीका घरमा रहेको सो ताम्रपत्रको दाहिने पट्टिको माथिल्लो टुप्पो भाँचिएको छ। ताम्रपमा ११ पंक्ति लेखिएका छन्। प्रस्तुत ताम्रपत्र शाके १४७७ को भएकाले शाके १४८० को ताम्रपत्र राजमल्लको नभएर राजा भूपतिमल्लको ठहर्छ। यस ताम्रपत्रमा राजा भूपतिमल्ले आफ्ना बाबु राजमल्लको सपिंडी श्राद्धको संकल्प गरी जमीन दान दिएका थिए।[३५]

राजा राजमल्लको शाके १४७७ को ताम्रपत्रबाट एउटा अर्को ऐतिहासिक रहस्य खुल्न गएको छ। उनको मृत्यु शाके १४८० मा भएको रहेछ र उनका छोरा भूपतिमल्लले आफ्ना बाबु राजमल्ल (अर्जुनमल्ल) को सपिंडी श्राद्ध गरी माटोदान गरेका थिए। बाह्रौं दिनमा मृतकलाई दिइने पिण्डलाई सपिंडी भनिन्छ।[३६] त्यो शाके १४७७ को ताम्रपत्रले उनको राज्यकाल प्रमाणित गरि दिएको छ। शाके १४८० को ताम्रपत्रमा राजा भूपतिमल्लको उत्तराधिकारीको उल्लेख छैन। त्यसरी उत्तराधिकारी वा पुत्रको चर्चा नहुनुको अर्थ उनी निःसन्तान रहेको हुन संभव छ। किनकि राजा भूपतिमल्लको शेषपछि शाहीवंशको राज्यस्थापना भएको थियो। भूपति मल्ल पछिका राजा हरिशाहीका ताम्रपत्रमा आफ्ना बाबुको नाम उल्लेख नभएको र हरिशाहीलाई वंशावलीले पनि 'प्रतापी' एवं 'विजिज्ञिषु' भनेको हुँदा त्यस उप्रान्त मल्लहरूको शासन अन्त्य भई शाहीहरूको शासन आरम्भ हुनु संभव छ।[३७] अर्को कुरा, डोटीका रैका मल्लहरू शौनक गोत्रका हुन् भने रैका शाहीहरूको गोत्र गर्ग हो। राजा हरिशाहीले भारतीय मुसलमानी बादशाहहरूको नक्कल गरी 'साही' भनाएको भन्ने पनि तर्क उठेको छ।[३८] त्यो पनि तर्क मात्रै हो जस्तो लाग्दछ। किनकि कास्कीका राजा कुलमण्डन शाह वि.सं. १५२४ देखि १५८२ को बीचमा 'खान' छोडी 'शाह' भएका थिए।[३९] डोटीका राजा हरिशाहीको राज्यकाल वि.सं. १६५० हुनाले भारतीय मुसलमान शाहीहरूबाट प्रेरित हो भन्ने आधार प्राप्त भएको छैन। वंशावलीमा त

अर्जुनमल्ललाई (शाही) भनी उल्लेख गरिएको भएपनि अभिलेखमा उल्लेख नहुनाले राजा हरिशाही नै डोटीका पहिला शाही राजा देखिन्छन्।[४०]

डोटीका राजा हरिशाहीको सम्बन्ध कत्युरीवंशी ललितशाहीका गोत्रिया भएको अनुमान एक लेखकले गरेका छन्।[४१] राजा हरिशाही कालीन ऐतिहासिक कालक्रम एवं घटनाहरू अध्ययन गर्दा शाके १५०२ सम्म वा वि.सं. १६३७ सम्म पनि डोटी र कुमाउँबीच शत्रुता रहेको पाइन्छ। त्यो प्रतिद्वन्दिता शाके १३७२ (वि.सं. १५०७) भन्दा अगाडिदेखि नै रहेको कुरा माथि पनि उल्लेख गरिसकिएको छ। यस विषयमा ई. १६८५ (वि.सं. १७४२) शाके १६०७ मा डोटी र कुमाउँका राजाहरूबीच एउटा निर्णायक युद्ध भएको थियो। त्यस युद्धमा डोटीको हार भएको हुनाले कुमाउँले डोटी अधीनस्थ कुमाउँ तर्फको महाकाली नदीदेखि पश्चिमपट्टिको भू-भाग हडप्यो।[४२] यसबाट शाहीहरू डोटीका शासक भएपछि पनि कुमाउँसंग सम्बन्ध कटु रहेको बुझिन्छ।

प्रस्तुत निबन्धमा राजा हरिशाहीको शाके १५०२ को एक ताम्रपत्र (नं. ५) पनि समावेश गरिएको छ। शाके १५१५ को पनि एक ताम्रपत्र प्राप्त भएको थाहा भएको छ।[४३] राजा हरिशाहीको राज्यकाल १५०२ शाकेबाट शुरू भएको रहेछ भन्ने आधार त्यस ताम्रपत्रले दिन्छ। अर्कोकुरा, राजा हरिशाहीलाई महिपत शाही भनिंदो रहेछ भन्ने पनि ज्ञात हुन्छ। डोटी गढसेरा गा.पं. ७ का गंगाराम जोशीकहाँ रहेको त्यो ताम्रत्र ६" लम्बाई र १० $\frac{१}{२}$" चौडाईको छ। अस्पष्ट र अशुद्ध लिपिमा कुँदिएको सो ताम्रपत्रमा बाह्र पंक्ति अक्षर छन्। राजा हरिशाहीको हालसम्म प्राप्त त्यो पहिलो ताम्रपत्रले उनको राज्यकाललाई १३ वर्ष थप गरिदिएको छ। राजा हरिशाहीले काली गाउँकी सुगडावती भन्ने युवतीसंग विवाह गरेका थिए। उनकै समयमा मुगलहरूले कैलाली राजघाटको बाटो आक्रमण गर्न आउँदा डोटेली सेनाले उनीहरूलाई पराजित गरेको कुरा थाहा हुन्छ।[४४] डोटीको इतिहासमा हरिशाही नामका दुई राजा भेटिंदा यिनमा हरिशाही प्रथम भनिएको छ। राजा हरिशाही भूपतिमल्लका उत्तराधिकारी रहे तापनि ती दुवै बीच के नाता थियो भन्ने कुरा प्रमाणबाट पुष्टि भएको छैन। राजा हरिशाही पछि कुमाउँका चन्द राजाहरूले शाहीहरूलाई डोटीको अधिकार दिएका थिए कि भन्ने अनुमान गर्ने ठाउँ बझाङका इतिहासले दिएको छ। सर्सती हेर्दा डोटी राज्यमा निम्न मितिमा निम्न शासकहरूको शासन रहेको पाइन्छः

१. राजा निरयमपाल शाके १२७४ (वि.सं. १४०९)
२. राजा नागमल्ल (पाल) शाके १३०६ (वि.सं. १४४१)
३. राजा रिपुमल्ल शाके १३३४ (वि.सं. १४६९)
४. राजा कल्याणमल्ल शाके १३६८ (वि.सं. १५०३)
५. राजा संसारमल्ल शाके १३७२ (वि.सं. १५०९)
६. राजा कीर्तिमल्ल शाके १४०२ (वि.सं. १५३७)
७. राजा प्रतापमल्ल शाके १४१० (वि.सं. १५४५)
८. राजा अर्जुनमल्ल शाके १४७७ (वि.सं. १६११)
९. राजा भूपतिमल्ल शाके १४८० (वि.सं. १६१५)

१०. राजा हरिशाही शाके १५०२ (वि.सं. १६३७)

**अभिलेखको मूल पाठः खण्ड**

**ताम्रपत्र नं. १**

१. ओ स्वस्ति श्री शाके १३७४ समये माघ सुदि पञ्चमीती
२. थौ सोम बासरे श्री राजाधिराज माहाराज कल्यान मल्ल
३. श्चिरं जयतु रैकाज्यू पाञ संकल्प पसाकिइ गागु भाट जया
४. कर लै पाइ पला २ गडसिरा ब्रम्हणका छोरा नाति घा (धा)
५. मिको घालि पाई रउदमाज । सर्वेकर अकर सर्वोत्र सोत्र वि
६. वर्जितं आकासको ढिडो पातालकि निध मुडिलि पेटिलि रा
७. ठ नाठ अपुतालि भाष पाई अत्र साक्षि सुर्येचन्द्र भुमंड
८. लका साक्षि संसार ब्रम्ह दैवा पिथै ब्रम्ह वकोटि गुजु सोठि
९. राना साउद जैतु भडारि देउराज वोहरो जयुतु षडगा सु
१०. जान मघालि हरसिग विष्ट सुजान ठाकुर मैर चोषा
११. ल सुजान वोहरो । स्वदत्तं परदतां वा जेहरंति वसुंधरा।
१२. षष्टिवर्ष सहस्रानि विष्टायां जायते कृमि।। जयत् पने
१३. रू जोगि भडारि रिठु जोइसि लिषितं।। शुभं।। केदारको केदाऱ्ये
१४. केदारूञ प्रतिमाष जय केदार।।

**ताम्रपत्र नं. २**

१. ओं स्वस्तिश्री शाके १४०४ समये फाल्गु
२. न वदि नवमी तिथौ सनि वासरे।। राजा धि
३. राजश्री कीर्तिमल्ल पादाश्चिरंजयतु।। रैका
४. ञ पाय संकल्प पशाकिइ अकन्यो मुजु भाट लै
५. संकल्प पावो (यो ?) भरा २ अधिको भरा ४ केश भाटको घा
६. लि संकल्प पावो सर्वकर अकर सर्व श्रात्र विवर्जित
७. करि संकल्प पावो अत्र साक्षि चन्द्र सूयं भूमण्डलका
८. साक्षि राजकुमार श्री पृथ्वीमल्ल प्रतापमल्ल देउवा
९. वगोटि उप्रेति पनेरू बिष्ठ सेठि साउद भडारि वो
१०. हरो मघालि षडगा चोषाल ठाकुर वोहरो चौग
११. दै महग्र साक्षि लिषितं सुर्जु जोइसि अन्यथा
१२. नास्ति।। वीठु सेठिके कचा औरषा (क्षा ?) पत्र।।

**ताम्रपत्र नं. ३**

१. ओं स्वस्ती श्री गनेशायनम् श्री शाके १४४१

२. सुदी आषाढ मासे सुल्कपषे (क्षे ?) चौथम्या तिथौ भौ
३. म वासरे श्री राजाधीराय माहाराय प्रताप
४. मंल पादा चीरं जयतु रैकाज्यु पाय भाष
५. पसाकी अक्रनी चट भाटलै पाई भाषरे जो
६. सी पाइ ठुलाघरीषेत भराई अत्र साषी (क्षी ?) चन्द्र
७. सुर्ज भूमण्डलका साषी मेदुगोसाइ राजमं
८. ल गोसाइ देउवा वगोटी साउद भडारि वोरो
९. मधलिं षडगा षीमु वीष्ट सुना वीष्ट राम
१०. वोरो नार चोखाल दाष ठाकुर मुस चोषा
११. ल डुगरू बीष्ट सानसानी सवकर अकर
१२. लेषीत साषी रूदुसेठी वैआल अनेथा
१३. नास्ती सुभं

### ताम्रपत्र नं. ४

१. स्वस्तीश्री शाके १४७७ मासे कार्तिक ति
२. थौ पंचमी वारे वुध रोहि (णी ?) श्री राजाधिराज
३. महाराज राजमल्ल चिरं जयतु राजम त
४. ल्ल गोसाईज्यु लैई भगत वोराको डाडा
५. डालिको फेर प्रकाशियो भया जै जगाई
६. लै पाया स्व वु ना अ क अत्र साषि चंद्रसुर्य भुमंड
७. लका साषि मेगमल्ल मानिक देवा मेग वोगटि राई
८. साउद डगरू भंडारि गासु जोसी हसुविष्ट लिउनो रे
९. आज चोषा रौन ठाकुबाट वोरो लिषित साषि ना
१०. रद पुजारो स्वदत्तं परदत्तां वा जो हंति वसु
११. धरा षष्टिवर्ष सहश्रानि विष्टा जातु

### ताम्रपत्र नं. ५

१. राम ॐ स्वस्ति श्री १५०२ समय वैशाक मासे शुक्ल पक्षे दशम तेथौ
२. वुधवासरे सीरिराजधीराज माहाराज महिपत साई हरिसाई पादा अ
३. गे चिरंजयतु रैका जिउ पायलै मय चितई भगिरथ भडारिले पाई मद्य
४. रो वोराकि करि वास गोड समेत पाव गडकि वडकि लेककि ईज
५. रि सर्वकर अकरि सरवदोष विवर्जित नेरोलिलाई दिनि गाईको मांस का
६. गको षुटो स्वदत्तं परदत्तं वा जे हरंती वसुंधरा षष्टिवर्ष सहश्र वर्षानि विटिजा
७. यते क्रिमी अत्र साकि (क्षी ?) चन्द्र सुर्ज भुमंडलका साकि डुगरू गोसाञ दिपा देउवा

८. राउ वोगटी राई साउद साल साउद हासा भडारी हरी उपरेती गोपी पने
९. रू जस षडाइत जइत बोरो मेग मटाली रंजित विष्ट ससारू विष्ट विरि जो
१०. इसि किसनजा मानिक ठाकुर समुद सानि अजित चोषाल ना
११. षत वोरो मारा सेटीको कडारे राइको रकपुरव रो ।।।
१२. रव सानि षडक साउद जज रोकाय अनेता नास्ति

**प्रमाण टिप्पणी खण्ड**

१. Surya Mani Adhikari, *The Khasa Kingdom of Western Nepal (1207-1404)* (Kathmandu: History Instruction Committee T.U., Kirtipur, Unpublished Ph.D. Thesis, 1982) PP. 30-34.
२. कल्हणका राजतरांगिणिका ६ : १७५, ८ : १४६६।
३. Binod Bihari, "Two Inscriptions of Bodh Gaya" *Epigraphica Indica,* Vol. XII, (1913- 1914), P.30.
४. शिवप्रशाद डबराल, *उत्तराखण्डका राजनैतिक व सांसकृतिक इतिहास* (गढावालः बीरगाथा प्रकाशन, २०२६) पृष्ठ ५१२।
५. यहाँ उल्लेख गरिएका वर्माहरूले डोटीलाई अधिकारमा लिन सकेनन्। डोटीका राजा कल्याणमल्लको यहाँ प्रस्तुत ताम्रमत्रका दृष्टिसाक्षिका रूपमा वर्माहरू देखिनाले डोटीमा पनि उनीहरू भारदार भएको बुझिन्छ जसरी पहिले सिंजा दरबारमा थिए।
६. राजाराम सुवेदी, "डोटी बाइसी हो कि होइन" कन्ट्रिब्युसन्स टु नेपलिज स्टडिज भोल १४, नं.१ (पौष, २०४३), पृष्ठ ६३-९३।
७. वंम वा वर्मा थरका भारदारहरूले राजा सूर्यमल्ललाई सहयोग गरी डोटीलाई पुनः अधीनमा पारेका कुरा उनका समयका ताम्रमत्रमा वर्माहरू साक्षि रहेका देखिनाले स्पष्ट हुन्छ।
८. रमेशजङ्ग थापा (सं.), ऐतिहासिक पत्रस्तंभ" *प्राचीन नेपाल,* संख्या ४०, (श्रावण, २०३४), पृष्ठ ३४। राजाराम सुवेदी, "उदुमवरपुरी" *प्राचीन नेपाल, संख्या* ८३, ( भाद्र, आश्विन, २०४१), पृष्ठ २२-२८। Suryamani Adhikari, op.cit. Foot note 1 pp. 90-93.
९. A. H. Franke, *Ladakh the Mysterious Land* (New Delhi: cosmo Publications, 1974) pp. 64-65.
१०. H.E. Richardson, *Tibet and its History* (London: Oxford University Press, 1962) P. 35.
११. रमेशजङ्ग, *पूर्ववत्,* टिप्पणी ८, पृष्ठ १२३- १२४।
१२. धनवज्र वज्राचार्य र टेकवहादुर श्रेष्ठ, *नुवाकोटको ऐतिहासिक रूपरेखा* (काठमाडौँः नेपाल र एशियाली अध्ययन संस्थान, २०३२), पृष्ठ, ४२- ४३।

१३. राजाराम सुवेदी, "वझाङका बाइ अभिलेखहरू" *कन्ट्रिब्यूसन्स टु नेपलिज स्टडिज* भोलुम् ६ नं.२, (असार, २०३६) पृष्ठ ७९-९६।

१४. *ऐजन,* पृष्ठ, ९६।

१५. Raja Ram subedee, *History of Bajhang (1503-1848 B.S)* Kathmandu. Rector's Office T.U. Unpublicshed Ph.D. Thesis 1986) P. 33.

१६. देवकान्तपन्त, *डोटेलीलोक साहित्य* (काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान २०३२। पृष्ठ ८६- ९२।

१७. *ऐजन,* पृष्ठ, ८६-८८।

१८. शंकरमान राजवंशी, "सेती महाकाली भ्रमणको ऐतिहासिक सारांश डोटीको राजनीतिक इतिहासको रूपरेखा" *प्राचीन नेपाल,* संख्या ३०-३९ (माघ, २०३१, वैशाख २०३४० पृ. - १२१।

१९. देवकान्त पन्त, *पूर्ववत्,* टिप्पणी १६, पृष्ठ, ७९।

२०. डा. सूर्यमणि अधिकारी, *पश्चिम नेपालको ऐतिहासिक अन्वेषण* (काठमाडौं: नेपाल र एशियाली अनुसान्धान केन्द्र, २०४३), पृष्ठ, ५२ - ५६।

२१. *ऐजन,* पृष्ठ ५६, ६६।

२२. शंकरमान राजवंशी, *पूर्ववत्,* टिप्पणी १८, पृष्ठ, १२१।

२३. *ऐजन*

२४. सूर्यमणि अधिकारी, *पूर्ववत्,* टिप्पणी २०, पृष्ठ, ५६ - ६६।

२५ पूर्णप्रकाश नेपाल, *सेतीका तारा* (विराटनगर: हिमाली सौगात प्रकाशन, २०३४), पृ. २४८।

२६. राजाराम सुवेदी, *पूर्ववत,* टिप्पणी, १३, पृष्ठ, ८९।

२७. *ऐजन।*

२८. योगी नरहरिनाथ, *इतिहास प्रकाशमा सन्धिपत्र संग्रह,* भाग- १, (दाङ: आध्यात्मिक परिषद, २०२२), पृष्ठ, ७४७।

२९. आजकल भाट भन्नाले राना भाट भन्ने पनि बुझिन्छ तर पहिले त्यो राजाभाट थरलाई राना मात्र भनिन्थ्यो भन्ने प्रमाणहरू प्राप्त भएका छन्।

३०. देवकान्त पन्त, *पूर्ववत्,* टिप्पणी १६, पृष्ठ, ७४७।

३१. योगी नरहरिनाथ, *पूर्ववत्,* टिप्पणी २८, पृष्ठ, ७४७।

३२. Edwin T. Atkinson, *Kumaon Hills* (Delhi: Cosmo Publications, 1974), PP. 529–530.

३३. *ऐजन।*

३४. राहुल सांकृत्यायन, *कुमांऊ* (वाराणशी: ज्ञानमण्डल लि. २०२५), पृष्ठ, ७०-७२।

३५. योगी नरहरिनाथ, *पूर्ववत्,* टिप्पणी २८, पृष्ठ, ७४८।

३६. *नेपाली बृहत् शब्दकोश* (काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०४०) पृ. १३०

३७. "भूपति शाहीका बडेराजा हरिसाहीकि पाट सरकको लिसनो नही पातालको कोदालो नही तनै राई राजानकि जीतवार अगम जामुगढ गोकुलै छीन कीर्तान कपटिया तनै राई राजानकि जीतवार जतनाभाट पंछी कीर्तन वोलै ततना वीर तनको जीतवार राय पृथ्वी मै इनराज हरिसाही सौं कोई जुभारो नही बडेराजा हरिसाहीको खाणो प्रकाशियो" देवकान्त पन्त, पूवर्वत्, टिप्पणी, पृष्ठ, १६, पृष्ठ ९४।

३८. बाबुराम आचार्य, *श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाह (संक्षिप्त जीवनी)* भाग-१ (काठमाडौंः श्री ५ महाराजधिराजका प्रेस सचिवालय, २०२४), पृष्ठ ३।

३९. Robert Scrooder, *Ecological Change in Rural Nepal: The case of Batulechaur* (Washington: University of washington, 1977), P, 49.

४०. योगी नरहरिनाथ, *पर्ववत्*, टिप्पणी २८, पृष्ठ ७४७ सूर्यमणि अधिकारी, *पूर्ववत्* टिप्पणी, २०, पृष्ठ ५७।

४१. शंकरमान रानवंशी, *पूर्ववत्* टिप्पणी, १८, पृष्ठ, १२१।

४२. साफल्य अमात्य, "महाकाली अञ्चलको पूरातात्विक अन्वेषण" *प्राचीन नेपाल* संख्या ११ (२०२९ बैशाख), पृष्ठ, ३३-३४।

४३. देवकान्त पन्त, *पूर्ववत्*, टिप्पणी १९, पृष्ठ ८६।

४४. *ऐजन*, पृष्ठ, १११-११२।

४५. डोटीका पछिल्ला राजाहरूको वर्णन पनि पछि प्रस्तुत गर्ने विचार छ यस लेखमा उल्लिखित पाँचवटै ताम्रपत्रका शिशाकलम रगडेर सेतो कागजमा उतार गरिएका प्रतिलिपि पनि लेखकसंग सुरक्षित छन्।